प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

E-mai:lakcarghakhanci@gmail.com
website:www.akcarghakhanchi.gov.np
फोन नं. ०७७-४२०१२६

# कृषि ज्ञान केन्द्र
## अर्घाखाँची

प्रथम पटक प्रकाशित मितिः २०७७/११/०६

चालु आ.व. २०७७/०७८ मा यस कृषि ज्ञान केन्द्र,अर्घाखाँचीको स्वीकृत कार्यक्रम अनुसार फलफुल बिरुवा रोपण अभियान कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक/कृषक समुह/ कृषि सहकारी /फर्म/कम्पनी/सार्बजनिक संस्था (स्थानिय तह, क्याम्पस र बिद्यालय) गुठी/आश्रम/टोल विकास समिति र क्लव आदी संस्थाले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति २०७८/०१/०४ गते भित्र) यस कार्यालयमा तपशिलको विवरर्ण पेश गरी दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयको सूचनापाटी/वेभसाईट www.akcarghakhanchi.gov.np बाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क.स. | कार्यक्रम | विरुवाको किसिम | संचालित क्रियाकलापहरु | न्युनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र | आवेदकको किसिम | अनुदानको सिमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| क) | खाद्य तथा पोषण सुरक्षा का लागि करेशावारीको रुपमा फलफूल विरुवा रोपण गर्ने । | सुन्तला, जुनार, आँप, लिची, केरा | स्थानीय तहको कृषि विकास शाखाको सिफारिसमा स-साना कृषकहरुको माँग बमोजिम फलफूल विरुवा को परल मूल्य लिई (मोर्टालिटी, प्याकिङ्ग, चार्ज र ढुवानी समेत अनुदानमा वितरण गरिनेछ । | | जिल्ला भरी | कृषक/कृषक समूह /कृषि सहकारी/ निजी कषि फर्म/कम्पनी सार्वजानिक संस्था (स्थानिय तह,क्याम्पस र विद्यालय) गुठी /आश्रम/ टोल विकास समिती र क्लव आदि । | प्याकेजिङ्ग, मोर्टालिटी, र ढुवानी शत प्रतिशत अनुदानमा | अनुसूची ७, ८ अनुसार कागजातहरु |
| ख) | व्यवसायिक प्रोयोजनको लागी व्यवसायिक फलफूल खेतीको लागि फलफूल खेतीको रुपमा फलफूल विरुवा रोपण गर्ने । | सुन्तला, जुनार, आँप, लिची, केरा | प्राविधिक मापदण्ड अनुसार जग्गा तयारी, रेखाङ्कन, खाडल तयारी, मलखाद व्यवस्थापन, विरुवा खरीद तथा ढुवानी विरुवा रोपण, सिंचाई व्यवस्थापन सामग्रीहरु, (थोपा सिंचाई,पाइप, पानी तान्ने मेशीन, पानी संकलन पोखरी) विरुवा तथा बगैंचाको सुरक्षा (तारवार,वायो फेन्सिङ्ग) जस्ता क्रियाकलापहरु | एउटै कृषकले कम्तिमा २ रोपनीको दरले १ हेक्ट कलष्टर बनाई बगैंचा स्थापना गर्नुपर्ने | जिल्ला भरी | कृषक/कृषक समूह /कृषि सहकारी/ निजी कषि फर्म/कम्पनी सार्वजानिक संस्था (स्थानिय तह,क्याम्पस र विद्यालय) गुठी /आश्रम/ टोल विकास समिती र क्लव आदि । | फलफूल विरुवा रोपण अभियान कार्यक्रम अनुदान मापदण्ड अनुसार बढीमा ५० प्रतिशत लागत साझेदारी मा वा प्रति हेक्टरमा | अनुसूची १, २,३ र ९ अनुसार कागजात |